नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

अस्पताल नर्सिङ्ग प्रशासक

(नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ९ बमोजिम)

| कार्य विवरण | |
|---|---|
| १. पदःअस्पताल नर्सिङ्ग प्रशासक<br>२. सेवाः स्वास्थ्य<br>३. समुहःजनरल नर्सिङ्ग<br>४. तहःनवौं/दशौं<br>५.तलब(मासिक) नेपाल सरकारले तोके बमोजिम ।<br>६. काम गर्ने समयः नेपाल सरकारले तोके बमोजिम ।<br>७. कर्मचारीको नामः<br>८. कर्मचारीको संकेत नम्बरः<br>९.सुपरिवेक्षण गर्नु पर्नेः नर्सिङ्ग सुपरिभाइजर, नर्सिङ्ग अधिकृत, स्टाफ नर्स,अ.न.मी तथा अन्य मातहतका सहयोगी कर्मचारीहरु । | १०.कार्यालयकोठेगानाः........................प्रदेश, ........................जिल्ला, ................स्थान, ..............................स्वास्थ्य तथा<br>जनसंख्यामन्त्रालय/विभाग/ अस्पताल<br>...............<br>...........शाखा.......... फाँट<br>११. आवश्यक शैक्षिक योग्यताः सम्बन्धित ऐन तथा नियमावलिमा उल्लेख भए बमोजिम ।<br>१२. उत्तरदायित्वः प्रमुख अ.न.प्र.,कार्यालय प्रमुख |

**सम्पादन गर्नुपर्ने काम ,कर्तव्य तथा उत्तरदायित्व**

नेपाल स्वास्थ्य सेवा ऐन तथा नियमावलिको अधिनमा रहि नर्सिङ्ग परिषद्को पेशागत आचारसंहिता(कोड अफ इथिक्स) को पालना गर्दैनियमानुसार कार्य गर्ने।

**मुख्य जिम्मेवारी**

अस्पताल नर्सिङ्ग प्रशासकको जिम्मेवारीमा रहि केन्द्रिय तहका अस्पताल तथा अन्य स्वास्थ्य संरचनामा रहि गुणस्तरीय नर्सिङ्ग सेवा प्रवाह गर्न /गराउन अनुकुल वातावरण सृजना गर्नेर नर्सिङ प्रशासक, व्यवस्थापक, अनुशन्धानकर्ता, सेवा प्रदानकर्ता, परामर्शकर्ताको रुपमा काम गर्ने।

- तोकिएको काम जिम्मेवारीपूर्वक निर्वाह गर्ने
- नेपाल सरकार, अस्पतालका निर्देशक, विभागीय प्रमुखलगायत माथिल्लो निकायको निर्देशन पालना गर्ने
- नेपाल नर्सिङ काउन्सिलको आचारसंहिता पालना गर्ने/गराउने
- आफ्नो मातहतका कर्मचारीहरुलाई निजहरुको कार्य गर्न उत्प्रेरित गर्ने

**सेवा प्रवाहसँग सम्बन्धि**

**क.अन्तरङ्ग सेवा**

- अस्पतालमा भर्ना भएका बिरामीहरुलाई निरन्तर गुणस्तरीय सेवा प्रवाहको लागि आफ्नो मातहतका नर्सिङ्ग कर्मचारीहरुलाई सुपरभिजन, मोनिटरिङ सहित गुणस्तरिय स्वास्थ्य सेवा सुनिश्चता गर्ने ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु काठमाडौं

- गुणस्तरीय नर्सिङ्ग सेवाको लागी उपलब्ध मापदण्ड र प्रोटोकलका आधारमा क्षमता अभिबृद्धि गर्नेरगराउने ।
- विभिन्न विशेष सेवाहरु जस्तै आई. सि.यू, सि. सि. यूआदिलाई व्यवस्थापन गर्ने वा गराउने ।
- नियमित प्रदान गरिने नर्सिङ सेवाको गुणस्तरियता सुनिश्चित गर्ने।
- अस्पतालबाट प्रवाह हुने सेवाको गुणस्तर बढाउनको लागी प्रमुख र अन्य विभाग, युनिट र आवश्यकता अनुसार आन्तरिक र बाह्य निकायहरु संग समन्वय र सहकार्य गर्ने ।
- अस्पतालमा बिरामिको सुरक्षा (Patient safety),संक्रमण रोकथाम तथा नियन्त्रणका उपायहरु अवलम्बन गर्ने गराउने ।
- गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गर्नका लागि क्लिनिकल अडिटमा संलग्न हुने।

**बहिरङ्ग सेवा**

- कार्यालय प्रमुखसंगको सहकार्यमा विपद् व्यवस्थापनमा सक्रिया भुमिका निर्वाह गर्ने ।
- विभिन्न सेवाहरु जस्तै इमरजेन्सी, ओ.पी.डी, आदिलाई व्यवस्थापन गर्ने वा गराउने ।
- बहिरङ्ग सेवाका लागि आवश्यक नर्सिङ्ग कर्मचारीको व्यवस्थापन गर्ने।

**व्यवस्थापकिय कार्यहरु**

**योजना तर्जुमा**

- स्वास्थ्य संस्था व्यवस्थापनको महत्वपुर्ण सदस्यको रुपमा रहि संस्थाका बार्षिक कार्ययोजना तर्जुमा र कार्यतालिका बनाउने / सहभागि हुने।
- स्वास्थ्य सेवा र गुणस्तरीय नर्सिङ्ग सेवा प्रवाह गर्नका लागि नर्सिङ विभागको वार्षिक योजना बनाउने वा बनाउन नर्सिङ प्रमुख लाई सहयोग गर्ने ।
- कार्यरत स्वास्थ्य संस्थामा भएका समस्याहरुलाई ब्यवस्थित रुपमा समाधानका लागि कर्मचारिहरु समेतको संलग्नतामा योजना बनाई कार्यान्वयनका लागि सम्बन्धित निकायमा पेश गर्ने ।
- नर्सिङ्ग कार्य क्षेत्रका विषयमा वार्षिक कार्यक्रमको आधारमा तालिका बनाई कार्यान्वयन गर्ने ।
- कार्यरत संस्थाको नर्सिङ जनशक्तिको र अन्य स्रोत साधनको प्रक्षेपणर व्यवस्थापन गर्ने वा सहयोग गर्ने।
- सेवा विस्तारका लागि आवश्यक नर्सिङ जनशक्तिको र अन्य स्रोत साधनको प्रक्षेपणर व्यवस्थापन गर्ने वा सहयोग गर्ने।

**बजेट तर्जुमा**

- संस्थाको बार्षिक बजेट तर्जुमामा संलग्न भई कार्यक्रम बनाउने ।

- बार्षिक बजेट तर्जुमागर्दानर्सिङ प्रमुख, कार्यालय प्रमुख र अन्य सम्बन्धित निकायसंग समन्वय र सहकार्य गरि कार्यक्रम सहित बजेट सुनिश्चित गर्ने ।
- आवश्यक्ता अनुसार खरिद योजना बनाई कार्यान्वयन गर्ने।

**अनुगमन , सुपरिवेक्षण, मूल्याङकन**

- अस्पतालको सेवा प्रवाहको अनुगमन , सुपरिवेक्षण र मूल्याङकनगर्ने गराउने ।
- नर्सिङ कर्मचारिहरुको कार्य सम्पादन मूल्याङकन गर्ने र सम्बन्धित निकायमा पेश गर्ने ।
- कर्मचारिहरुको मूल्याङ्कन पश्चात, प्रशंसा,पुरस्कारको व्यवस्था/सिफारिस गर्नेर आवश्यकता अनुसार परामर्श गर्ने ।
- विरामी र सेवाग्राहीले पाएको सेवाको गुणस्तरको मूल्याङकन गर्ने र सेवाग्राहीको सन्तुष्टी सर्वेक्षण गरि आवस्यक कार्य गर्ने/गराउने।

**अभिलेख र प्रतिवेदन**

- प्रत्येक विरामिलाई प्रदान गरिएको नर्सिङ सेवाको अभिलेख राख्न लगाउने व्यवस्था गर्ने।
- नर्सिङ तथा सहयोगि जनशक्तिको व्यवस्थापनको अभिलेख राख्ने।
- क्लिनिकल अडिट गरि समयमै यसको प्रतिवेदन तयार गर्ने।

**प्रशासनिक कार्य**

- अस्पतालमा अनुगमन सपरिवेक्षण र मुल्याङकनको प्रगति विकास गर्ने र कार्यन्वयन गर्ने ।
- गुणस्तरीय सेवा प्रवाह गर्ने शिलसिलामा अस्पताल व्यबस्थापनको महत्वपुर्ण सदस्यको रुपमा रहि विभिन्न बैठक सभामा संलग्न हुने र नर्सिङ्ग विषय प्रस्तुति गर्ने र मुख्य निर्णयहरु सम्बन्धित ठाँउमा जानकारी गराई ,गर्ने ।

**अनुसन्धान**

- नर्सिङ्ग सेवालाई गुणस्तरीय रप्रमाणमा आधारित बनाउनको लागी नर्सिङ्ग क्षेत्रमा अनुसन्धान गर्ने गराउने र त्यस वाट आएका नँया तथ्यलाई सार्वजनिकरण गरि लागु गर्ने।

**अन्य कार्यहरु**

- सरकारी र अन्य निकाय संग सहकार्य गरि विभिन्न कार्यक्रमहरु गर्ने वा गराउने ।
- कार्यालय प्रमुख वा नर्सिङ्गको अनुपस्थितिमा निमित्त प्रमुख भै काम गर्ने।